**कोन्ज्योसोम गाउँपालिका**

# स्थानीय राजपत्र

## कोन्ज्योसोम गाउँपालिकाद्वारा प्रकाशित

खण्डः३ संख्याः९ मितिः२०७७।०७।१९

**भाग-२**

**कोन्ज्योसोम गाँउपालिकाको**

**सूचना तथा संचार प्रविधिको प्रयोग सम्बन्धी कार्यविधि, २०७७**

**प्रस्तावना :**

सूचना तथा संचार प्रविधिको प्रयोगबाट ग्रामीण क्षेत्रको आर्थिक र सामाजिक विकास गरी स्थानीय समुदायको समृद्धिको लागि प्रशस्त सम्भावना र अवसरहरु रहेको हुँदा सूचना प्रविधिलाई दिगो विकास लक्ष्यहरु प्राप्त गर्न र सुशासन कायम गर्न एक महत्वपूर्ण औजारको रुपमा प्रयोग गर्न सकिन्छ । वर्तमान अवस्थामा इन्टरनेट प्रविधिको तीव्र विकासले विश्वलाई एकगाउँ (A Global Village) को रुपमा लिन थालिएको छ । उक्त प्रविधिको प्रयोगबाट नागरिक र सरकारका बिच संवाद र सहकार्य अभिवृद्धि भएको छ । यसले पारदर्शी एवं प्रभावकारी सार्वजनिक कार्य व्यवस्थापन गरी सुशासनको प्रत्याभूति हुने विश्वास गरिएको छ । प्रविधिको विकासले शिक्षा, स्वास्थ्य, सञ्चार, प्रशासन, विद्युतिय व्यापार (e-Commerce) लगायतका विविध सार्वजनिक सेवामा ग्रामीण जनताको जीवनलाई समेत सजिलो बनाउन सहयोग पुगेको छ ।

नेपाल सरकारको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सन् २०२० सम्ममा ९० प्रतिशत जनतालाई ब्रोडव्याण्ड सेवामा पहुँच पुऱ्याउने लक्ष्य लिएको छ । यस प्रकारको पहुँचले खासगरी ग्रामीण क्षेत्रको विकासमा सघाउ पुऱ्याउँछ । वर्तमान अवस्थामा संघीय सरकारसँग पर्याप्त सूचना प्रविधि सम्वन्धि नीति तथा विद्युतिय शासन (e-Governance) प्रणाली प्रवर्द्धन गर्ने राष्ट्रिय योजनाहरु छन् । नेपाल सरकारले डिजिटल नेपाल फ्रेमवर्क, २०१९ लाई समेत लागु गरिरहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ (ङ) ५ र (च) ४ मा व्यवस्था भए अनुसार सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट सृजित अवसर एवं चुनौती सम्बन्धी विषयमा प्रकृयागत स्पष्टता ल्याई स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधि र संयन्त्र/प्रणालीहरुको उपयोग, प्रवर्द्धन र नियमन गर्न वाञ्छनीय भएकोले,

कोन्ज्योसोम गाउँ कार्यपालिकाको मिति २०७७/०९/२७को कार्यपालिका बैठकले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-१५, दफा १०२ को उपदफा (२) बमोजिम यो कार्यविधि बनाई लागू गरेकोछ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१)यो कार्यविधिको नाम **"सूचना तथा संचार प्रविधिको प्रयोग सम्बन्धी कार्यविधि, २०७७"** रहेको छ ।

(२) यो कार्यविधि कोन्ज्योसोम गाउँपालिकाको कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशनगरेको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा:विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) ''अध्यक्ष''भन्नाले कोन्ज्योसोम गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ख) ''उपाध्यक्ष''भन्नाले कोन्ज्योसोम गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(ग) ''वडा अध्यक्ष'' भन्नाले कोन्ज्योसोम गाउँपालिकाको सम्वन्धित वडाको वडा अध्यक्ष सम्झनु पर्दछ ।

(घ)''आयोजना'' भन्नाले यस कोन्ज्योसोम गाउँपालिकाले सञ्चालन गर्ने पूर्वाधार विकास लगायत विभिन्न योजना तथा कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ङ)"ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(च)"कार्यविधि" भन्नाले "सूचना तथा संचार प्रविधिको प्रयोग सम्बन्धीकार्यविधि, २०७७" सम्झनु पर्दछ ।

(छ)"कार्यपालिका" भन्नाले कोन्ज्योसोम गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ज)"कार्यालय" भन्नाले कोन्ज्योसोम गाउँपालिकाको कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ र यो शब्दले कोन्ज्योसोम गाउँपालिकाको संगठन संरचनामा रहेको शाखा/ उपशाखा वा राजस्व प्रशासनका लागि गठन गरिएको प्रशासनिक इकाई वा वडा कार्यालय समेतलाई जनाउँछ ।

(झ)"नीति" भन्नाले सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ लाई सम्झनु पर्दछ ।

(ञ) “पालिका” भन्नाले कोन्ज्योसोम गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ट) “वडा समिति” भन्नाले कोन्ज्योसोम गाउँपालिका अन्तरगत रहेका वडाका वडा समितिलाई सम्झनु पर्दछ ।

(ठ)“प्रमुख प्रशासकीय अधिकृत”भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त कोन्ज्योसोम गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(ड)“सूचना प्रविधि अधिकारी” भन्नाले गाउँपालिकाले नियुक्त गरेको वा जिम्मेवारी दिएको कर्मचारीलाई सम्झनु पर्दछ ।

(ढ)‘‘प्रणाली’’ भन्नाले कोन्ज्योसोम गाउँपालिकाले विद्युतीय सूचना प्रविधिको प्रयोग सम्बन्धी विकास गरेको विभिन्न प्रणालीहरु (क्थकतभ) लाई सम्झनु पर्दछ ।

(ण) ‘‘सूचना प्रविधि विकास कोष” भन्नाले गाउँपालिकाले प्रयोग गर्दै आएको सूचना र प्रविधि सम्वन्धी कार्यलाई सुचारु गर्नका लागि स्थापना गरेको कोषलाई सम्झनु पर्दछ ।

(त)‘‘मोबाइल एप’’ भन्नाले कोन्ज्योसोम गाउँपालिकाले सर्वसाधारण नागरिकलाई सूचना संप्रेषण गर्न विकास गरेको विभिन्न स्मार्ट मोबाइल मार्फत सञ्चालन गर्न सकिने एप्सहरुलाई सम्झनु पर्दछ ।

(थ)“वडा कार्यालय” भन्नाले कोन्ज्योसोम गाउँपालिका अन्तर्गतको वडा कार्यालयहरुलाई सम्झनु पर्दछ ।

(द)‘‘वेब/पोर्टल’’ भन्नाले कोन्ज्योसोम गाउँकार्यपालिकाको वेबसाइट, पोर्टल तथा अन्य पालिकाले पारदर्शिता, जवाफदेहिता तथा खुला तथ्याङ्क/खुला सरकार अवधारणा प्रवर्द्धनको लागि विकास गरेको वेब हबलाई सम्झनु पर्दछ ।

(ध)“विद्युतीय प्रविधि” भन्नाले कम्प्युटरमा आधारित प्रविधिलाई सम्झनु पर्दछ ।

(न)“सुशासन तथा संस्थागत विकास समिति” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-५ को वुँदा नं. २२ को समितिको गठन सम्वन्धी गरिएको व्यवस्था अनुसार गठन गरिने समितिलाई सम्झनु पर्दछ ।

(प)**“**सूचना प्रविधि**”** भन्नाले कोन्ज्योसोम गाउँपालिकाको कार्यालयमा संचालन गरिने कुनै पनि प्रकारको विद्युतीय सूचना प्रविधि सम्वन्धी गतिविधिलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## सूचना तथा संचार प्रविधिको प्रयोग गरिने क्षेत्र तथा सञ्चालन विधि

३. विद्युतीय सूचना प्रविधिलाई कोन्ज्योसोम गाउँपालिकाले आफ्नो दैनिक कार्यलाई छिटो-छरितो र चुस्त दुरुस्त पार्न विभिन्न प्रणाली/सयंन्त्रहरुको विकास गरी प्रयोगमा ल्याउनेछ । त्यसैगरी विकास भइसकेका यस्ता प्रणाली/सयंन्त्रहरुको प्रभावकारी प्रयोगको लागि वडा कार्यालयलाई समेत निर्देशन गरिनेछ। जस अन्तर्गत निम्न लिखित कार्यहरु गरिनेछ।

(क) संघीय तथा प्रदेश सरकारले अनिवार्य गरेको सूचना प्रविधि तथा सफ्टवेयरहरुलाई कोन्ज्योसोम गाउँपालिकाले कार्यप्रणालीमा समावेश गर्नका लागि आवश्यक कारवाही गरिनेछ।

(ख) कोन्ज्योसोम गाउँपालिकाको हरेक काम कार्वाहीलाई कम्प्युटर प्रविधिमा डिजिटाइज्ड (Digitized)गर्दै कागज रहित सेवा सञ्चालन गरिनेछ।

(ग) कोन्ज्योसोम गाउँपालिकाको पूर्वाधार लगायत हरेक आयोजनाहरु विद्युतीय प्रविधि मार्फत व्यवस्थापन गर्ने र लक्षित उपभोक्ताको सहभागिता समेत सुनिश्चित गरिनेछ।

(घ) कोन्ज्योसोम गाउँपालिकाले प्रदान गर्ने सूचना तथा सेवाहरूमा आम नागरिकहरूको गुनासो, सुझाव तथा पृष्ठपोषणहरूलाई सहज रूपमा ग्रहण गर्न र उनीहरूलाई आफना कुराहरू राख्न सहज हुने गरी विद्युतीय गुनासो व्यवस्थापन प्रणालीको विकास गरी प्रयोग गर्ने र गराउनेछ।

(ङ)कोन्ज्योसोम गाउँपालिकाले वार्षिक रूपमा सञ्चालन गर्ने स्थानीय तहको योजना तथा बजेट तर्जुमा र कार्यान्वयनमा महिला तथा सिमान्तकृत वर्गको सहभागिता सुनिश्चित गर्नका लागि उपयुक्त सूचना प्रणालीको प्रयोग गर्नेछ।

(च)कोन्ज्योसोम गाउँपालिकाले प्रत्येक आर्थिक वर्ष शुरू भएको १ महिना भित्र वार्षिक नीति, कार्यक्रम तथा बजेटलाई खुला तथ्यांकीय ढाँचामा उपलब्ध हुने गरी वेब/पोर्टलमा राख्नेछ।लेखा तथा राजश्व संकलनमा विद्युतीय प्रविधिको प्रयोग गर्नेछ । गाउँपालिकाका अन्य निर्णय, आवधिक योजना, प्रोफाईल, तयार गरिएका नीति नियमहरु लगायत तयार भएका दस्तावेजहरु वेवसाईडमा अपलोड गर्नेछ।

(छ) कोन्ज्योसोम गाउँपालिकालेउपयुक्त सामाजिक संचार/सञ्जाल माध्यम (Social media) बाट आफ्ना नागरिकलाई विभिन्न सूचनाहरु सम्प्रेषण गर्नेछ।

(ज) "अडियो सहितको विद्युतीय-नागरिक बडापत्र"(e-Citizen Charter)तथा "वहिरगमन अभिमत(Exit Poll)सहितको विद्युतीय-नागरिक प्रतिवेदन पत्र"(e-Citizen Report Card) प्रविधिको विकास र अवलम्वन गर्नेछ।

(झ) कोन्ज्योसोम गाउँपालिकाकोसेवा प्रवाहबारेमा नागरिकहरुलाई अधिकतम् जानकारी दिन विभिन्न उपयोगी मोबाइल एप्सहरु विकास गर्नेछ। उक्त मोबाइल एप्समा प्रयोग गरिने भाषा महिला तथा सिमान्तकृत वर्गले सजिलै बुझ्न सक्ने ढाँचामा हुनेछ ।

(ञ) सूचना प्रविधिका प्रणालीहरु विकास गर्दा नागरिकहरुको आवश्यकता अनुसारका महत्वपूर्ण र संवेदनशील सेवाहरुको पहिचान गरी त्यस्ता सेवाहरु छिटो छरितो, सुलभ, गुणस्तरीय तथा प्रभावकारी हुने गरी गरिनेछ ।

(ट) सरकारले सूचनाको हक सम्बन्धि ऐन, २०६४तथा नियमावली, २०६५ बमोजिम स्वतः खुलासा गर्नुपर्ने सूचनाहरूलाई आवधिक रूपमा आफ्नो वेब साइट, तथ्याङ्क पोर्टल र अन्य माध्यमबाट खुला तथ्यांकीय ढाँचामा सार्वजनिक गर्नेछ ।

(ठ) कोन्ज्योसोम गाउँपालिकाले सम्पादन गर्ने न्यायिक मामिलाहरूको अभिलेखहरू व्यवस्थित गर्न न्यायिक मामिला व्यवस्थापन प्रणालीलाई प्रयोगमा ल्याउने र प्राप्त मामिलाहरूको दर्ता, त्यसको विवरण, मामिलाहरूमा भएको प्रगतिलाई विद्युतीय सूचना प्रविधिको प्रयोग गरी व्यवस्थापन गर्नेछ ।

(ड) आवश्यक परेको खण्डमा कोन्ज्योसोम गाउँपालिकाले विकास तथा अवलम्वन गरेको हरेक प्रविधिमा आधारित प्रणाली/सयंन्त्रको छुट्टा छुट्टै निर्देशिका बनाई कार्यान्वयन गर्नेछ ।

(ढ) कोन्ज्योसोम गाउँपालिकाको दैनिक कार्यसम्पादन चुस्त दुरुस्त बनाउनेतथा नागरिकहरुका लागी अत्यावश्यक सुचना, तथ्याङ्क एबं जानकारीहरुको व्यवस्थित अभिलेख राखी सूचनामा सहज पहुँच अभिवृद्धि गर्नको लागि पालिका तथा वडा स्तरमा स्थापना भएका सुचना प्रविधि केन्द्र(Techno Hub)हरुलाई संस्थागत गरी प्रभावकारी संञ्चालन तथा विस्तार गर्नेछ ।

## परिच्छेद ३

## संस्थागत प्रवन्ध

४. कोन्ज्योसोम गाउँपालिकाको दैनिक प्रशासनिक एवं सेवाप्रवाहको जिम्मेवारीको नेतृत्व, समन्वय तथा सहजीकरण गरी सूचना प्रविधिको विकास तथा अवलम्वनको लागि पालिकामा गठित "सुशासन तथा संस्थागत विकास समिति" लाई सूचना प्रविधिको जिम्मेवारी दिई यस समितिलाई वडा स्तरसम्म विस्तार गरिने छ ।

५. कोन्ज्योसोम गाउँपालिकाले सूचना व्यवस्थापनको जिम्मेवारी सहित पालिकाको सूचना प्रविधि अधिकारीलाई जिम्मेवारी तोक्ने छ । उक्त पदमा कर्मचारी बहाल नभएको हकमा कुनै एक कर्मचारीलाई सूचना तथा संचार प्रविधि सम्वन्धीसंयन्त्र/प्रणालीको सञ्चालनको सम्पर्क व्यक्ति तोक्नेछ ।

६. कोन्ज्योसोम गाउँपालिकाको सूचना प्रविधि अधिकारी वा तोकिएको कर्मचारीले सूचना प्रविधि सम्बन्धीप्रणालीको प्रयोग गरी सम्बन्धित तथ्य एवं जानकारीहरु अद्यावधिक गर्नेछ ।

७. स्थानीयस्तरका निर्णय प्रकृया, परियोजना/आयोजना कार्यान्वय तथा त्यसको अनुगमन कार्यहरुमा नागरिकहरुको संलग्नतालाई सुनिश्चित गर्न प्रविधिमा आधारित संयन्त्र/प्रणालीहरुको विकास एवं प्रयोग गर्ने र गराउनेछ ।

८. विकास गरिएका संयन्त्र/प्रणालीको प्रयोगको अवस्था तथा प्रभावकारिताबारे सूचना प्रविधि अधिकारी वा तोकिएको कर्मचारीले तीन-तीन महिनामा सुशासन तथा संस्थागत विकास समितिलाई लिखित जानकारी दिनेछ ।

९. कोन्ज्योसोम गाउँपालिकाले सूचना तथा संचार प्रविधि सम्बन्धी प्रणालीको प्रयोगमार्फत तथ्यांक व्यवस्थापन गर्ने कार्यलाई अवलम्बन गर्ने र जनशक्ति विकासका लागि आवश्यक क्षमता अभिवृद्धिको व्यवस्था गर्नेछ ।

१०. सूचना प्रविधिका प्रणालीहरुमा उपलव्ध तथ्यांक वा सूचनालाई आवश्यकता अनुसार स्थानीय तहको विकास प्रकृया/कृयाकलापहरुमा प्रयोग गर्नेछ ।

११. कोन्ज्योसोम गाउँपालिकासँग सूचना प्रविधिको प्रयोगको लागि गाउँपालिकाले आवश्यक ठानेमा सहकार्य तथा समन्वय गर्ने संघ संस्था, स्थानीय नागरिक समाज, आइटी कम्पनी र राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदार संस्थाहरु कोन्ज्योसोम गाउँपालिकाको सरोकारवाला निकायहरु हुनेछन् ।

१२. विकास प्रक्रियामा जनतालाई सुसूचित र सुशासन प्रवर्द्धनका लागिदफा (११) मा उल्लेखित सरोकारवालाहरुको सहभागितामा सुशासन समितिले वार्षिक कार्ययोजना तयार गरी कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयन गर्नेछ ।

## परिच्छेद ४

## स्रोत परिचालन

१३. कार्यविधिको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाले आवश्यक श्रोतको व्यवस्थापन गर्नेछ । यसका लागि सार्वजनिक तथा नीजि स्रोत परिचालन गर्नुका साथै सूचना प्रविधि विकास कोष तथा विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय साझेदार संघ संस्थाहरुबाट प्राप्त हुने आर्थिक तथा प्राविधिक सहयोगको उपयोग गरिनेछ ।

१४. सूचना प्रविधि विकास कोषमा कोन्ज्योसोम गाउँपालिकाले वार्षिक रुपमा रु. एकलाख बजेट विनियोजन गर्नेछ ।

१५. आवश्यक मानवस्रोत व्यवस्थापन, बार्षिक अपडेट, मर्मत सम्भार, नयाँ नयाँ प्रविधि खरीदका लागि सूचना प्रविधि विकास कोष परिचालन गरिनेछ ।

## परिच्छेद ५

## विविध

१६. कार्यविधि जारी हुनुभन्दा अगाडि भएको व्यवस्थाहरु यसै कार्यविधिमा उल्लेख भए बमोजिम हुने हुँदा यो  कार्यविधि लागू भएको मितिदेखि पूर्व व्यवस्थाहरु स्वतः खारेज हुनेछन् ।

१७. यस कार्यविधिमा भएका व्यवस्थाहरु संघीय, प्रादेशिक र स्थानीय कानूनसँग बाझिएको हकमा स्वतः अमान्य हुनेछ ।

१८. यो कार्यविधिमा कुनै बाधा अड्काउ परेको खण्डमा कोन्ज्योसोम गाउँपालिकाको गाउँकार्यपालिका बैठकले आवश्यकता र औचित्यताको आधारमा कार्यविधिको व्याख्या, परिमार्जन/संशोधन र खारेजी गर्न सक्नेछ ।

१९. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा संघिय, प्रादेशिक र स्थानीय कानुनसंग नबाझिने गरी त्यस्तो निर्णय कोन्ज्योसोम गाउँकार्यपालिकाले गर्नेछ ।

## अनुसूची-१

(दफा ३ (छ) संग सम्बन्धित)

प्रयोग गरिने उपयुक्त सूचना प्रणालीहरु

| क्र.सं. | सूचना प्रणाली |
|---|---|
| १ | वेवसाईट/तथ्यांक पोर्टल(Web Site/Data Portal) |
| २ | स्थानीय एफ.एम.(Local FM) |
| ३ | एस.एम.एस (Text Messaging System) |
| ४ | अडियो म्यासेज (Audio Messaging System) |
| ५ | एकिकृत व्यवस्थापन प्रणली(Integrated Management System) |
| ६ | कृषि कार्यक्रम व्यवस्थापन प्रणली(Agriculture InformationManagement System) |
| ७ | न्यायिक मामिला व्यवस्थापन प्रणली(Judicial affairs ManagementSystem) |
| ८ | विद्युतिय सिफरिस(Electronic Recommendation System) |
| ९ | डिजिटल नोटिस बोर्ड (Digital Notice Board) |
| १० | मोवाईल एप(Mobile App) |
| ११ | फेसवुक पेज(Facebook Page) |
| १२ | टुइटर(Twitter) |
| १३ | युटुव(YouTube) |

## अनुसूची-२

(दफा ६ संग सम्बन्धित)

| क्र.सं. | दस्तावेज | अपलोड गरिसक्नुपर्ने दिन |
|---|---|---|
| १ | कार्यपालिकाको निर्णय | ३ दिनभित्र |
| २ | बार्षिक नीति तथा कार्यक्रम | १ महिनाभित्र |
| ३ | बार्षिक बजेट | १ महिनाभित्र |
| ४ | पारित भएका नीति नियम | १५ दिनभित्र |
| ५ | सूचना जानकारी | २ दिनभित्र |
| ६ | प्रगति प्रतिवेदन | ७ दिनभित्र |
| ७ | आर्थिक प्रतिवेदन | ७ दिनभित्र |
| ८ | न्याय सम्पादन विवरण | १५ दिनभित्र |
| ९ | | |

# अनुसूची-३

## (दफा १२ संग सम्बन्धित)
## सूचना प्रविधि विस्तार र प्रयोग सम्वन्धि बार्षिक कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | संख्या/स्थान | सम्पन्न गरिने मिति | जिम्मेवारी | सहयोग |
|---|---|---|---|---|---|
| १ | पालिका स्तरीय सुचना प्रविधि केन्द्रको सुरक्षा, संचालन, व्यवस्थापनतथा समिक्षा | १ | निरन्तर | सूचना प्रविधि अधिकारी | |
| २ | सामुदायिक सुचना प्रविधि केन्द्रको सुरक्षा, संचालन, व्यवस्थापन तथा समिक्षा | २ | निरन्तर | वडा कार्यालयका सचिव | सम्वन्धित वडाका वडा अध्यक्ष |
| ३ | वेवसाईड र डाटा पोर्टल प्रयोगको समीक्षा र अपडेट | १ | बर्षको दुईपटक | सूचना प्रविधि अधिकारी | अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरु, प्र.प्र.अ. |
| ४ | डाटा पोर्टलभित्र रहेका विभिन्न प्रणालीहरु （IMS*, JAMS**, AIMS***, Texts and audio messaging system, E-recommendation） को निरन्तर प्रयोग र समीक्षा | १ | बर्षको दुईपटक | सूचना प्रविधि अधिकारी | अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरु, प्र.प्र.अ. |
| ५ | गाउँपालिकासंग सम्वन्धि तयार दृश्य सामग्रीहरुको संकलन र प्रशारण | १ | निरन्तर | सूचना प्रविधि अधिकारी | |
| ६ | विद्यालयमा इन्टरनेट सेवा | १७ | निरन्तर | गाउँ कार्यपालिकाले तोकेको व्यक्ति | विद्यालयका प्र.अ., शिक्षकहरु |
| ७ | बजार क्षेत्र वा बाक्लो वस्तीमा नि:शुल्क इन्टरनेट सेवा विस्तार | | | गाउँ कार्यपालिकाले तोकेको व्यक्ति | सम्वन्धित वडाका वडा अध्यक्षहरु |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | शिक्षकहरुलाई शिक्षामा प्रविधि सम्वन्धि तालिम | १ | एकपटक | गाउँ कार्यपालिका | विद्यालय रहेका वडाका वडा अध्यक्षहरु |
| ९ | नागरीक/नागरीक समाज संस्थाहरुका लागि प्रविधि साक्षरता तालिम | ५ | एकपटक | गाउँ कार्यपालिका | सम्वन्धित वडाका नागरीक समाज संस्था |
| १० | | | | | |
| ११ | | | | | |

*IMS- Integrated Management System

**JAMS- Judicial Affairs Management System

***AIMS- Agriculture Information Management System

**आज्ञाले,**

**विकाश शर्मा रिजाल**

**प्रमुख प्रशासकीय अधिकृत**